प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

## उपभोक्ता सचेत बनों

- अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रूपमा वढी मूल्य वा कम तौलका वस्तु विक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,
- त्यस्ता गैह्रकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,
- सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ३१३ ॥ २०८१ पुष १९ गते शुक्रबार (3rd Jan 2025 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# यातायातमा कार्यालयमा सेवाग्राहीलाई दु:खैदु:ख

बिर्तामोड(प्रस) । सेवाग्राहीहरुले दुःख पाउने गरेको यातायात व्यवस्था कार्यालय झापाको सेवा प्रवाहको अबस्थाबारे कोशी प्रदेशको न्याय प्रशासन तथा विधायन समितिले अनुगमन गरेको छ । बिहीवार यातायात कार्यालय पुगेको समितिले सेवाग्राहीले पाइरहेको सेवा, दुःख र जिल्लाको समग्र यातायात क्षेत्रको बारेमा अन्तरक्रियासमेत गरेको छ। अनुगमनका लागि आएको समितिलाई यातायातका कार्यालय प्रमुख प्रेमप्रसाद सापकोटाले यहाँको वस्तुस्थितिबारे जानकारी गराएका थिए । कार्यालय प्रमुख सापकोटाले यातायात कार्यालयमा पुरानै सवारी ऐनबाट कार्यसम्पादन भइरहेकोले सेवा प्रवाहमा धेरै कठिनाई रहेको जानकारी दिए । उनले यातायात कार्यालयको प्रविधि र केन्द्रबाट सञ्चालन हुने विभिन्न सिस्टमहरु चुस्त हुन नसक्दा सेवाग्राहीले दुःख पाइरहेको बताएका छन् । उनका अनुसार अनलाईनबाट हुने सबै कामहरुमा सेवाग्राहीलाई दुःख भएको छ । केन्द्रकै सर्भर नचल्दा



सेवाग्राहीले हदैसम्म दुःख पाएको समितिलाई जानकारी दिए। 'प्राविधिक पक्ष मात्रै ठिक भए पनि सेवाग्राहीले दुःख पाउने थिएनन्' प्रमुख सापकोटाले भने। उनले यातायातबाट दिइएको सेवा र राजश्वका बारेमा समेत समितिलाई जानकारी गराएका थिए । यातायात व्यवस्था कार्यालयलाई गुनासोरहित बनाउका लागि समितिले समस्याको पहिचान गर्न सम्बन्धित पक्षसँग छलफल गरेको हो । सो छलफलमा झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले संघीय सवारी ऐनले प्रदेशलाई चिन्न नसकेको बताए। उनले संघीय सवारी ऐन संशोधन नहुँदा कठिनाई भएको बताएका हुन्। प्रजिअ बास्तोलाले बीमाको रकम वृद्धि गर्नुपर्ने बताए। तेस्रो पक्ष बीमाको रकम वृद्धि गर्नुपर्ने सुझाव दिदैं उनले ट्राफिकको जरिवाना पनि वृद्धि गर्नुपर्ने धारणा राखेका थिए। पछिल्लो समय सवारी चालकले लापसे र मापसे गरेर सवारी चलाउने गरेकाले जाँच गर्ने व्यवस्था गर्न आग्रहसमेत गरे । कानुनी रुपमा तीन पाङ्ग्रे सवारीको व्यवस्थापन गर्नुपर्ने भन्दै स्थानीय तहले पनि ध्यान दिन नसकेको उनको भनाई थियो। झापाका ट्राफिक प्रमुख गणेश

❖ बाँकी अन्तिम पृष्ठमा

## लागूऔषध सेवन गरी चलाउने १४ जना फेरि पक्राउ

झापा(प्रस) । कोशी प्रदेशका विभिन्न जिल्लाहरूमा संचालन हुने यात्रु बस तथा मालबाहक गाडीका चालक र सहचालकले लागूऔषध सेवन गर्ने गरेको पाइएको छ ।

कोशी प्रदेशमा सवारी दुर्घटनाका घटना वृद्धि भएपछि जिल्ला प्रहरी कार्यालय सुनसरी र राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको टोलीले सवारी चेकजाँच गर्दा लागूऔषध सेवन गरी सवारी साधन चलाउने १४ जना चालक र सहचालकलाई पक्राउ गरिएको सुनसरीका प्रहरी प्रवक्ता डीएसपी रामप्रसाद तिमल्सिनाले बताएका छन् । उनले कोशी राजमार्गका विभिन्न जिल्लामा आवतजावत गर्ने यात्रुबाहक बस तथा मालबाहक सवारी साधनका चालकहरूले लागूऔषध सेवन गरी सवारी साधनहरू चलाउँछन् भन्ने विशेष सूचनाको आधारमा इटहरी-धरान सडकखण्डबाट उनीहरूलाई पक्राउ गरिएको जानकारी दिए ।

❖ बाँकी अन्तिम पृष्ठमा

# बिर्तामोड खानेपानीको साधारण सभा

झापा(प्रस) । बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको २२ औं बार्षिक साधारण सभा बिहीवार सम्पन्न भएको छ ।
संस्थाका अध्यक्ष मेघराज बास्तोलाको अध्यक्षतामा भएको बितरण गर्दै आएको हो । जसका लागि १६ वटा डिप बोरिङ, १० वटा फिल्टर प्लान्टको प्रयोग गर्दै १० हजार उपभोक्तालाई सहज र सुलभ रुपमा चौबीसै घण्टा पानी बितरण गर्दै आएको संस्थाका अध्यक्ष बास्तोलाले बताए । संस्थाका कार्यालय प्रमुख खड्गराज गिरीले जानकारी दिए ।कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख प्रसाई, संस्थाका निवर्तमान अध्यक्ष जलकुमार गुरुङ, जिल्ला समन्वय समिति झापाकी उप-प्रमुख शान्ता रोक्का, सल्लाहकार हर्कलाल




साधारण सभालाई प्रमुख अतिथि बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पवित्रा महतारा प्रसाईले उद्घाटन गरेकी थिइन् । बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले दैनिक दुई करोड १० लाख लिटर पानी बितरण गर्दै आएको छ ।
देशकै उत्कृष्ट खानेपानी संस्थाको रुपमा चिनिएको संस्थाले तीन वटा ओभरहेड ट्याङ्कीमार्फत आम उपभोक्तालाई सुलभ मूल्यमा दैनिक दुई करोड १० लाख लिटर पानी बिर्तामोड क्षेत्रमा तीब्ररुपमा भइरहेको शहरीकरणका कारण खानेपानी सहज रुपमा उपलब्ध गराउन कठिनाई हुन थालेको भन्दै त्यसका लागि थप रणनीति अघि बढाइएको उनको भनाई छ ।साधारण सभामा अध्यक्ष बास्तोलाले संस्थाको भावी योजनाका विषयमा प्रकाश पारेका थिए । कार्यक्रममा उत्कृष्ट जेष्ठ उपभोक्ताहरु जयबहादुर खालिङ राई, देबीमाया आचार्य, उत्कृष्ट कर्मचारी सन्तोष खरेललाई सम्मान गरिएको गिरी, बिर्तामोड उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष राजेन्द्र थापा, विराट भरत बिश्रान्तीका उपाध्यक्ष कुलप्रसाद संग्रौला, चारआली खानेपानीका अध्यक्ष राजन चिमरिया, नेपाल उद्यमशील महिला संघ झापा अध्यक्ष पार्वता बिमली खरेललगायतले शुभकामना मन्तव्य राखेका थिए । संस्थाका उपाध्यक्ष शैलेन्द्र सिटौलाले स्वागत गरेको कार्यक्रमको सञ्चालन संस्थाका सचिव पारसमणि मैनालीले गरेका थिए ।

# सन् २०२४ खासै सुखद नभएको पर्यटन व्यवसायीको भनाई

•लक्ष्मी उप्रेती

मेचीनगर । सन् २०२४ मा नेपाल प्रवेशको पहिलोद्वार काँकरभिट्टा नाका भएर नेपाली विद्यार्थीसहित ११ हजार ७ सय ५६ विदेशी पर्यटक नेपाल प्रवेश गरेका छन् । अध्यागमन कार्यालय काँकरभिटट्राको अभिलेख अनुसार गत वर्षको जनवरीदेखि डिसेम्बर महिनासम्म यो नाका भएर अध्ययनका लागि विभिन्न देश गएर फर्केका ५ हजार ६ सय ५५ जना नेपाली विद्यार्थी तथा ४ हजार ९ सय १६ जना भुटानी नागरिक नेपाल आएका छन् । बाँकी १ हजार १ सय ८५ जना अन्य मुलुकका नागरिक रहेको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार सन् २०२३ को तुलनामा सन् २०२४ मा काँकरभिट्टा नाका भएर नेपाल प्रवेश गर्नेको संख्या ३ हजार २ सय ९५ जनाले बढेको छ । सन् २०२३ मा ५ हजार ३ सय ३६ नेपाली विद्यार्थीसहित ८ हजार ४ सय ६१ जना नेपाल आएका थिए । नेपाली पर्यटन व्यवसायीहरुले सन् २०२४ मा कोरोना महामारीपूर्व सन् २०१९ मा आएका पर्यटकभन्दा बढी आउने अनुमान गरेको भएपनि अपेक्षा अनुसार नभएको प्रतिक्रिया दिएका छन् । कोभिडपछि भारतीय अध्यागमन

कार्यालयले तेस्रो मुलुकका नागरिकहरुलाई भिसा दिन बन्द गरेको थियो । त्यसकारण पनि सन् २०२४ मा अपेक्षा गरेअनुसार पर्यटक नआएको हुन सक्ने नेपाल

ओभरसिज सिटिजन अफ इण्डिया (प्रवासी भारतीय नागरिक कार्ड भएकाहरु) मात्र भारतीय भूमि भएर पैदलमार्ग हुँदै नेपाल आउने गरेका थिए ।

आउने पर्यटकको चहलपहल खासै थिएन ।
पूर्वीनाका भएर नेपाल घुम्न आउने तेस्रो मुलुक तथा बंगलादेशी पर्यटकहरुको




एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) कोशी प्रदेशले जनाएको छ ।

१ अगष्ट २०२४ देखिमात्र भारतीय पक्षले तेस्रो मुलुकका पर्यटकका लागि नाका खुलाएको थियो । कोरोनाको कारण देखाएर पूर्वीनाका हुँदै पैदलमार्ग भएर नेपाल घुम्न आउने पर्यटकलाई भारततर्फबाट प्रवेशाज्ञा(आगमन अनुमति) नदिँदा त्यसको असर सोझै नेपाली पर्यटन क्षेत्रमा परेको थियो । १ अगष्ट २०२४ सम्म

तेस्रो मुलकका नागरिकका लागि लामो समयसम्म नेपाल प्रवेशको सुदूरपूर्वको काँकरभिट्टा नाका बन्द रह्यो । नेपाल प्रवेशको सुदूरपूर्वको द्वार काँकरभिट्टासँग सोझै जोडिएको भारतको पश्चिम बंगाल राज्यको पानीट्याँकीमा रहेको अध्यागमन चेकपोष्ट रानीगञ्जले नेपाली विद्यार्थी तथा भुटानीबाहेक तेस्रो मुलुकबाट नेपाल घुम्न आउने पर्यटकलाई प्रवेशाज्ञा नदिएका कारण पूर्वीनाकाबाट नेपाल घुम्न

आवतजावत ठप्प हुँदा कोशी प्रदेशको पर्यटन क्षेत्रमा ठूलो क्षति पुगेको नाट्टाका कोशी प्रदेशका निवर्तमान अध्यक्ष उदयकुमार श्रेष्ठको भनाई छ । कोरोनाका कारण शिथिल भएको मुलुकको पर्यटन क्षेत्र विस्तारै पुरानो लयमा फर्किने आशा पलाएको निवर्तमान श्रेष्ठको विश्वास छ ।
नेपालमा पर्यटक आगमन बिस्तारै लयमा फर्किदै गएको बताईएको छ । जसले नेपाली पर्यटनमा आगामी दिन थप सुनौलो हुने देखिने पर्यटनका क्षेत्रमा कलम

चलाउँदैं आउने सरोज पौडेलको भनाई छ । पर्यटन विकासका लागि पर्यटनमैत्री नीति आवश्यक रहेको भन्दै उनले सरकारले नयाँ पर्यटन नीति तयार गरी चाँडै कार्यान्वयनमा ल्याउनुपर्ने बताए । पर्यटन उद्योगको विकास र विस्तारबाट नेपालको आर्थिक विकास गर्न सकिने बताउँदै नाट्टाका कोशी प्रदेश उपाध्यक्ष सजित तामाङले पूर्वाधारको विकाससँगै प्रविधिको व्यापक प्रयोग, पर्यटनका लागि आवश्यक जनशक्ति विकासमा जोड दिनुपर्ने बताए ।
विदेशी पर्यटक आगमन बढाउन नेपाल सरकार पर्यटन बोर्डले पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर विभिन्न गतिविधि गर्नुपर्ने निवर्तमान अध्यक्ष श्रेष्ठको भनाई छ । कोरोनाका कारण सन् २०२० देखि २०२२ सम्म पर्यटक आगमन ह्वात्तै घटेको पर्यटन व्यवसायी एवम् नाट्टाका कोशी प्रदेश महासचिव नविन (नवराज) खरेलको भनाई छ । अध्यागमन कार्यालय काँकरभिट्टाका अनुसार यो नाका भएर सबैभन्दा बढी बंगलादेशी पर्यटक आउने गरेका थिए । विदेशीले काठमाडौं, पोखरा, लुम्बिनी, चितवन, गोर्खा, मनकामनालगायतका धार्मिक एवम् पर्यटकीयस्थल घुम्न मन पराउने गरेको व्यवसायीहरुको भनाई छ ।

## गौरवशाली वचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-५, झापा


## साधारण सभा सम्वन्धी सूचना
प्रकाशित मिति २०८१/०९/१९

यस गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड ५ को १५ औं वार्षिक साधारण सभामा यहाँहरुलाई अनिवार्य उपस्थितिको लागि पत्राचार गरिएको छ। यदि कारणवश पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी साधारण सभामा सहभागी भइदिनु हुन हार्दिक अनुरोध गर्दछौं।
**साधारण सभा हुने मिति- २०८१/०९/२० गते शनिवार**
**स्थान -साई पार्टी प्यालेस सिटी सेन्टर , बिर्तामोड**
**समय- बिहान ११ बजे**

अध्यक्ष
**लवकुमार चौधरी**

## प्राणघातक स्तन क्यान्सरबाट बचौं
## स्तन क्यान्सरका लक्षणहरू

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,
- यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं




**झापा गाउँपालिकाको कार्यालय**
टाँघनडुब्बा, झापा

# बिर्तामोडमा अन्तर्राष्ट्रिय व्यापार महोत्सवको तयारी

झापा(प्रस)।आगामी माघ ८ गतेदेखि बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव गर्नेगरी बिर्तामोड उद्योग वाणिज्य संघले तयारी थालेको छ । बिहीवार पत्रकार सम्मेलन गरी वाणिज्य संघले महोत्सवको तयारी शुरु गरिएको जनाएको हो । सुस्त रहेको अर्थतन्त्रलाई चलायमान बनाउने उद्देश्यले आगामी माघ ८ देखि १९ गतेसम्म बिर्तामोड-५ धर्मकाँटा रोडको मंगल एकता टोलको खाली जमिनमा महोत्सव सञ्चालन हुने भएको हो ।

बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव हुने भएको हो । महोत्सवलाई चार भागमा विभाजन गरिएको छ । महोत्सवमा प्रदर्शनी तथा बिक्री कक्ष, सांस्कृतिक तथा सांगीतिक क्षेत्र, बाल उद्यान तथा मनोरञ्जन क्षेत्र र खानपान क्षेत्र रहेका छन् । महोत्सवमा एक सय ५० वटा स्टल रहने र छुट्टाछुट्टै चार विधाका अलग - अलग स्टल राखिने बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले बताए । उनका




अनुसार महोत्सवमा व्यापारसंगै कृषि कृषि उत्पादनलाई प्रवर्द्धन गरिने छ । कृषिका स्टललाई निःशुल्क गरिने उनको भनाई छ । झापाकै ठूलो बजारका रुपमा रहेको बिर्तामोडमा आयोजना गरिने अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सवले व्यापार व्यवसायलाई प्रवर्द्धन गर्ने अपेक्षा राखिएको छ । महोत्सवले सानादेखि ठूला व्यवसायी र आम उपभोक्तालाई एउटै थलोमा जुटाउने अवसरका रुपमा लिइएको अध्यक्ष न्यौपानेले बताए ।महोत्सवमा नेपालसहित भारत, बंगलादेश र पाकिस्तानका लगानीकर्ता, उत्पादक, वितरक, निर्यातकर्ताहरुलाई एउटै मञ्चमा भेटघाट गराई सामग्रीहरुको प्रत्यक्ष अवलोकन तथा जानकारी उपलब्ध गराइने संघका उद्योग उपाध्यक्ष तथा महोत्सव संयोजक विशाल थापाले बताए ।

प्रदर्शनीकक्षमा अटोमोबाइल्स, बैंक तथा वित्तीय संस्था, मोबाइल, इलेक्ट्रोनिक्स तथा आइटी, निर्माण सामग्री, अन्तर ष्ट्रिय, औद्योगिक उपकरण, कृषि तथा जडिबुटी, पर्यटन सम्बन्धी, दैनिक उपभोग्यका वस्तुहरु, हस्तकला तथा तयारी पोशाक तथा जुत्ताचप्पल प्रदर्शनमा रहनेछन् ।विशिष्ठ खालका स्टलहरुले सजाइने महोत्सवमा मूल प्रवेशद्वार कलाकृतियुक्त निर्माण गरिने व्यवस्थापक ललित सिंखडाले जानकारी दिए ।महोत्सवमा चर्चित कलाकारहरु तथा विभिन्न ब्यान्डको दैनिक सांगीतिक प्रस्तुति रहनेछ । बाल उद्यान क्षेत्रमा पिङलगायत विभिन्न मनोरञ्जनात्मक खेलका स्टल रहने महासचिव कुशल खतिवडाले बताए ।

महोत्सवमा प्राथमिक उपचार, निःशुल्क स्वास्थ्य शिविर, रक्तदान, शौचालय, खानेपानी तथा पार्किङको व्यवस्था हुने संघका वाणिज्य उपाध्यक्ष जीवनकुमार खड्काले जानकारी दिए ।

पत्रकार सम्मेलनमा आयोजकका पदाधिकारीसहित नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा मेला समिति संयोजक उमेश डालमिया, नेपाल अलैंची व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष निर्मल भट्टराईलगायत सहभागी थिए । महोत्सवलाई दुई लाख जनाले अवलोकन गर्ने र करिव डेढ करोडको कारोबार हुने अनुमान गरिएको छ ।त्यस महोत्सवबाट करिव २० लाख रुपैयाँ नाफा हुने अनुमान गरिएको अध्यक्ष न्यौपानेले बताए ।

# हात्तीले कचनकवलमा घर भत्कायो



झापा(प्रस) । जंगली हात्तीले एकजनाको ज्यान लिएको भोलिपल्ट झापाको कचनकवलमा घर भत्काएर क्षति गरेको छ ।

बुधवार राति १२.३० बजे कचनकवल १ फिटिङ्ग गाउँमा ६ वटा जंगली हात्ती प्रवेश गरी रामप्रसाद किस्कू( जलथलिया बा) को घर भत्काएको हो । हात्तीले घर पूर्णरुपमा भत्काउनुका साथै घरमा रहेको धान चामल सबै नष्ट गरेको छ। घरका मानिसहरुले भागेर ज्यान जोगाएको कचनकवल गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईले बताए ।

बुधवार हात्तीको आक्रमणबाट कचनकवलकी एक महिलाको ज्यान गएको थियो । दाउरा खोज्न कचनकवल गाउँपलिका ७ तारावनास्थित दिपज्योति सामुदायिक वन गएकी सोही ठाउँ बस्ने ३५ वर्षीया केलावती राजवंशीलाई जंगली हात्तीले लखेटी लखेटी मारेको थियो । चारकोशे झाडीमा रहेका हात्तीले कचनकवलमा लगातार उपद्रो गर्दै आएको छ ।

## बिर्तामोडमा खुल्यो लेभिस लन्च एण्ड डान्सबार

बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा अर्को डान्सबार थपिएको छ । बिर्तामोडको मुक्तिचोक छेउमा रहेको थापा मार्केटको तेस्रो तलामा लेभिस लन्च एण्ड डान्सबार संचालनमा आएको हो ।

जसको बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले उद्घाटन गरेका छन् । दुई करोड पचास लाख रुपैयाँको लागतमा संचालन गरिएको डान्सबारमा सांस्कृतिक, आधुनिक नृत्यलगायत रैथाने खानाका परिकारहरु उपलव्ध रहेको संचालक सुमन राजवंशीले बताए । सुमन राजवंशीको अध्यक्षता एवं नगर उपप्रमुख संग्रौलाको प्रमुख आतिथ्यमा भएको उद्घाटन कार्यक्रममा होटल व्यवसायी संघ झापाका महासचिव शिवराज पौडेल , होटल व्यवसायी सुरेन राजवंशी , राजवंशी समाज विकास समितिका जिल्ला सचिव सोहनलाल राजवंशी, लक्ष्मी राजवंशी , खुशी चौधरी , विकास बस्नेतलगायतको आतिथ्यता रहेको थियो । योसंगै बिर्तामोडमा डान्सबारको संख्या ६ पुगेको छ ।

## कचनकवलमा फेरि धानको कुन्यूमा आगजनी



झापा(प्रस) । झापाको कचनकवलमा धानको कुन्यूमा फेरि आगजनी भएको छ । बिहीवार बिहानको राति अन्दाजी १:४५ बजे कचनकवल गाउँपलिका वडा नं २ बकलामारीमा सोही ठाउँ बस्ने नारायणसिंह राजवंशीको ३ विघा खेतको दुईवटा धानको कुन्युमा आगजनी गरिएको हो । आगलागीबाट धानको कुन्यू पूर्णरुपले जलेर नष्ट हुँदा अन्दाजी २सय मन धान र पराल गरी करिव तीन लाखबराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

यसअघि गत कात्तिक ३० गते कचनकवल-५ पाठामारी डाँगावारी निवासी मितु मियाको करिब एक विघा खेतको धानवालीमा आगजनी गरिएको थियो । गत वर्ष पनि पाठामारीमै करिव २ विघाको धानमा त्यसरी नै आगजनी गर्दा जलेर नष्ट भएको थियो ।

## नरबहादुर कर्माचार्य प्रतिष्ठानको अध्यक्षमा युवराज डाँगी



बिर्तामोड(प्रस) । नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान झापाको अध्यक्षमा युवराज डाँगी सर्वसम्मत चयन भएका छन् । प्रतिष्ठानको बिहीवार बिर्तामोडमा आयोजित दोस्रो सभाले डाँगीलाई सर्वसम्मत चयन गरेको हो । कार्यसमितिको उपाध्यक्षमा याम खड्का, सचिवमा मदन उप्रेती, सह-सचिवमा गणेश कालिकोटे र कोषाध्यक्षमा प्रकाश भट्टराई सर्वसम्मत चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा देवेन्द्र उप्रेती, रामजी कार्की, इन्दिरा कार्की, शर्मिला खाती, सुशिला पाण्डे, सपना डाँगी, योगेन्द्र चापागाँई, कुबेर श्रेष्ठ 'अरुण' र राजु पाठक सर्वसम्मत चयन भएका छन् ।

यसैगरी सल्लाहकार समितिको संयोजकमा ज्योतिसिंह दर्लामी तथा सदस्यमा झलकसिंह दर्लामी, दुर्गाप्रसाद चापागाँई, मोहन टुड्डू, मणिकुमार साम्पाङ 'बिजय', हरिकुमार राना, शेरबहादुर थापा, मदनगोपाल सुब्बा, दिपिन राई र कानुनी सल्लाहकारमा यदुनाथ दाहाल र प्रेस सल्लाहकारमा उद्धव पुरी चयन भएका छन् ।

यसैगरी शिक्षालय उप-समितिको संयोजकमा युवराज डाँगी, सदस्य सचिव प्राचार्य रहने छन् भने सदस्यमा जेबी जबेगु, टिएन वाग्ले, बसन्त इङनाम, भीम लकान्द्री, छवि गहतराज, मदन खड्का, मदन उप्रेती, शिवराज भण्डारी रहेका छन् । प्रतिष्ठानका अध्यक्ष ज्योतिसिंह दर्लामीको अध्यक्षतामा भएको कार्यक्रममा कोशी प्रदेश भौतिक तथा योजना मन्त्री दुर्गाप्रसाद चापागाँईको प्रमुख आतिथ्य तथा कोशी प्रदेशका पूर्व कृषिमन्त्री झलकसिंह दर्लामी 'सन्देश'को बिशिष्ठ आतिथ्य रहेको थियो ।

अध्यक्ष दर्लामीले प्रतिष्ठानको प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा प्रतिष्ठानका सदस्य टिएन वाग्लेले स्वागत गरेका थिए भने सञ्चालन प्रतिष्ठानका सदस्य मदन उप्रेतीले गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि चापागाँई, बिशिष्ठ अतिथि सन्देश, नेकपा माओवादी केन्द्र कोशी प्रदेशका उपाध्यक्ष मणिकुमार साम्पाङ 'बिजय', सामाजिक ब्यक्तित्व शेरबहादुर थापा, प्रतिष्ठानका सल्लाहकार हरिकुमार राना, मदनगोपाल सुब्वा, गौरीशंकर स्मृति प्रतिष्ठानका अध्यक्ष पुरुषोत्तम चुडाल 'राजु', नेपाल पत्रकार महासंघ झापाका सचिव राजु पाठक, कानुनी सल्लाहकार यदुनन्द दाहाल, श्रीकृष्ण प्रणामी मन्दिरका सदस्य सचिव लक्ष्मीप्रसाद मैनालीलगायतले शुभकामना मन्तब्य राखेका थिए ।

# देवी रनको उपाधि खासेन र सिमानालाई

बिर्तामोड(प्रस) । झापा बिर्तामोडको देवी माविले सञ्चालन गरेको देवी रन २०८१ को उपाधि खासेन चेम्जोङ र सिमाना जवेगूले जितेका छन् ।

विद्यालयको ६२ औं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको पाँच किलोमिटर दौडमा पुरुषतर्फ कक्षा १२ मा अध्ययनरत चेम्जोङ र महिलातर्फ कक्षा १२ कै जवेगू प्रथम भए । फाल्गुनन्द ५ पाँचथरका चेम्जोङले १६ मिनेटमा र माई १ इलामकी जवेगूले २२ मिनेट ४५ सेकेन्डमा दौड पूरा गरेको प्रधानाध्यापक अम्बिका श्रेष्ठले जानकारी दिइन् । त्यस्तै, दौडमा पुरुषतर्फ कक्षा १० मा पढ्ने बिर्तामोड ५ का युकेश लिम्बू दोस्रो र कक्षा १२ मा पढ्ने कनकाई १ का कमल दुलाल तेस्रो भए । लिम्बूले १६ मिनेट ३९ सेकेन्ड र दुलालले १६ मिनेट ४८ सेकेन्डमा दौड पूरा गरे ।

त्यस्तै, महिलातर्फ कक्षा १२ मा पढ्ने सिरिजंघा ५ ताप्लेजुङकी रेखा भण्डारी दोस्रो र कक्षा १२ कै अर्जुनधारा ६ की पुनम दनुवार तेस्रो भए । भण्डारीले २३ मिनेट ३२ सेकेन्ड र दनुवारले २४ मिनेट ११ सेकेन्डमा दौड पूरा गरे ।

उपाधि विजेताले नगद सात हजार, मेडल र प्रमाणपत्र पाउनेछन् । त्यस्तै, दोस्रो हुनेले नगद छ हजार तथा तेस्रो हुनेले नगद पाँच हजार, मेडल र प्रमाणपत्र पाउने सहायक प्रधानाध्यापक लीलाप्रसाद भण्डारीले बताए ।



प्रदेशसभा सदस्य चिन्तन पाठकले बिहीवार बिहान शनिश्चरे चोकमा एक कार्यक्रमबीच दौडको उद्घाटन गरेका थिए । दौडमा ५५ छात्र र १५ छात्राको सहभागिता रहेको थियो ।

शुक्रवार विद्यालयमा आयोजना हुने ६२ औं वार्षिकोत्सव कार्यक्रममा विजेता विद्यार्थीलाई पुरस्कृत गरिने विद्यालयका कक्षा-११/१२ संयोजक उमेशकुमार साहुले जानकारी दिए ।

### यातायातमा...

पौडेलले जिल्लामा गरिने चेकजाँच, दुर्घटना न्यूनीकरणका लागि गरिएका प्रयासहरुबारे जानकारी गराएका छन् । उनले अटो, टेम्पो दुर्घटनाको कारक बनिरहेको बताए । उनले मुख्य राजमार्गभन्दा बाहिर मात्र सञ्चालन अनुमति प्रदान गरिनुपर्ने धारणा राखेका थिए । तीन पाङ्ग्रे सवारीलाई व्यवस्थापनमा कठिनाई भइरहेको उनको भनाई थियो । समितिका सदस्य शम्सेर राईले ड्राइभिङ सेन्टरमा महँगो शुल्क बुझाएर सवारी चलाउन सिक्नुपरेको विषयमा ध्यानाकर्षण गराए । उनले मापदण्डमा नभएका सेन्टरहरुलाई नियमन गर्न जरुरी रहेको बताए । ड्राइभिङ सेन्टरहरु मापदण्ड अनुसार हुनुपर्ने, सेवाग्राहीलाई शुल्क महँगो लिन नहुने उनको सुझाव थियो । यातायातले राजश्व केन्द्रलाई पठाउने भएकाले आवश्यक उपकरण पर्याप्त रुपमा सहयोग गर्न नसकेको स्वीकार गरे । हाइवे चेकिङलाई व्यवस्थित गर्न सुझाव दिँदै उनले तीन पाङ्ग्रे सवारीको व्यवस्थापन गर्न आग्रह गरे । समितिका अन्य सदस्यहरुले यात्रुले पाइरहेको दुःख, सेटिङ लाइसेन्स बनाउन पाइने विषयमा जिज्ञासा राखेका थिए । सार्वजनिक यातायातमा यात्रुको झोला तान्ने, बीच बाटोमै अर्को गाडीमा सारेर दुःख दिने गरेको सदस्यहरुको भनाई थियो । त्यसतर्फ ट्राफिक प्रहरीलाई ध्यान दिन सदस्यहरुले सुझाव दिएका छन् । यातायातका प्रमुखले दुर्घटना न्यूनीकरणका लागि अन्डरपास टनेलको व्यवस्था गर्न समितिसँग आग्रह गरेका छन् । समितिकी सभापति कमला दर्नालको सभापतित्वमा अन्तरक्रिया भएको थियो ।

### लागूऔषध...

यात्रुहरूको ज्यान जोखिममा राखेर चालकले लागूऔषध सेवन गर्ने गरेको सूचना पाएको सुनसरी प्रहरीले ट्राफिक प्रहरी, कोशी प्रदेश प्रहरी अस्पतालका चिकित्सकहरूको सहयोगमा उनीहरूलाई पक्राउ गरिएको डीएसपी तिमल्सिनाले बताए ।

लागूऔषध सेवन गरी सवारी चलाउनेमा मोरङ बेलबारी नगरपालिका वडा नं. २ बस्ने वर्ष २६ का चालक उज्वल श्रेष्ठ, कानेपोखरी गाउँपालिका वडा नं. ४ बस्ने वर्ष ४६ का श्याम चौधरी, उर्लाबारी नगरपालिका वडा नं. ६ बस्ने वर्ष २२ का भुवन न्यौपाने ,उदयपुर त्रियुगा नगरपालिका वडा नं.३ बस्ने वर्ष २८ का किरण थापा र वडा नं. ५ बस्ने वर्ष २२ का राहुल राई पक्राउ परेका छन् । झापाको गौरदह नगरपालिका वडा नं. ४ बस्ने वर्ष ३९ का हरिबहादुर ठकुरी, कन्काई नगरपालिका वडा नं.१ बस्ने वर्ष ३५ का रूपलाल ऋषिदेब र मेचीनगर नगरपालिका वडा नं. १२ बस्ने वर्ष १९ का सुमन बिकलाई पनि पक्राउ गरिएको डीएसपी तिमल्सिनाले बताए ।

त्यस्तै सुनसरीको धरान उपमहानगरपालिका वडा नं. ८ बस्ने वर्ष २१ का अमिन राई, इटहरी उपमहानगरपालिका वडा नं. १३ बस्ने वर्ष २० का समिर मगर, वडा नं. २० बस्ने वर्ष ४१ का कृष्ण सुबेदी र वडा नं. १२ बस्ने वर्ष २८ का सुबोध चौधरी, वडा नं. २ बस्ने वर्ष ४१ का दिपक घले गुरूङ र तेह्रथुमको लालीगुराँस नगरपालिका-३ का २५ वर्षीय निश्चल कार्कीलाई पक्राउ गरिएको छ । पक्राउ परेका सबैलाई जिल्ला प्रहरी कार्यालय सुनसरीको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको उनले बताए ।

यता गत शुक्रवार झापाको कमल गाउँपालिकाको केर्खामा लागूपदार्थ सेवन गरी सार्वजनिक सवारी साधन चलाउँदा पक्राउ परेका १४ जनामाथि मुद्धा दायर गरिएको छ । उनीहरुलाई इलाका प्रहरी कार्यालय दमकमा राखेर मुद्धा दायर गरिएको डीएसपी निशान थापाले बताए ।

लागूपदार्थ सेवन गरेर चालक र सहचालकले सवारी साधन चलाउँदा काँकडभिट्टाबाट धरान तथा बिराटनगर चल्ने धेरै सार्वजनिक सवारी साधनहरु दुर्घटनामा परेपछि गत शुक्रवार केर्खामा लागूपदार्थ सेवन परीक्षण कार्यक्रम राखिएको थियो । त्यसक्रममा १४ जनाले लागूऔषध सेवन गरेको भेटिएको थियो ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार उत्तरः श्री मञ्जु उप्रेती, दक्षिणः श्री रासी देवी मिण्डा को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ६ बस्ने श्री सुमित्रा मुखियाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखीकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ६ | १८०० ०४३ | १२२० | ११६. ५२ | २०८१/ ०७ /२० | २०८१/ ०७ /२६ | २०८१/ ०८/१८ |






नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेशको
१५ दिने सूचना

## सम्पादकीय

# साइबरसम्बन्धी विशेष कानुन बनाऊ

**नेपालमा हालसम्म साइबर सुरक्षासम्बन्धी विशेष कानुन छैन। १८ वर्षअघि निर्मित विद्युतीय कारोबार ऐन, २०६३ साइबर सुरक्षा वा साइबर अपराध सम्बोधन गर्ने प्रयोजनार्थ बनेको नभए पनि त्यसमा भएका अष्पष्ट र बहुअर्थी प्रावधानको फाइदा उठाइ साइबर अपराधसँग सम्बन्धित मुद्दाहरू जबरजस्ती अनुसन्धान, अभियोजन र फैसला हुने गरेका छन्। साइबर अपराधमा विज्ञता नभएका अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी वकील र न्याय निरूपणकर्ता न्यायाधीशहरूद्वारा साइबर अपराधसम्बन्धी मुद्दा हेरिँदै आइएको छ।**

**यसमा सम्बन्धित निकायको ध्यानाकृष्ट हुन सकेको अवस्था छैन। 'कम्प्युटरसम्बन्धी कसुर' नामाकरण गरी ऐनको दफा ४४ देखि ५२ सजाय प्रस्तावित गरिएका कुनै पनि दफामा के–कस्ता कार्यहरू कसुरभित्र पर्छन् भनी परिभाषा नगरी सिधै अमूक कार्य गरेबापत कैद तथा जरिबानाको सजाय प्रस्ताव गरिएको छ जुन कानुन तर्जुमाको सामान्य नियममात्र नभई फौजदारी न्याय विधिशास्त्रको पनि विपरीत छ।**

**खासगरी ऐनको दफा ४७ मा राखिएको प्रावधान त पहिलेको सार्वजनिक अपराध र सजाय ऐन, २०२७ तथा हालको अपराध संहिता, २०७४ को 'सार्वजनिक शान्ति विरुद्धको कसुर' अन्तर्गतका कसुरहरूभन्दा पनि व्यापक र जुनसुकै प्रयोजनमा पनि आकर्षित गराउन सकिने किसिमका छन्। बुडापेष्ट महासन्धि वा साइबर अपराधसम्बन्धी कुनैपनि अन्तराष्ट्रिय वा क्षत्रीय सन्धि वा महासन्धिहरूमा नेपालले हालसम्म हस्ताक्षर गरेको छैन। हालैमात्र नेपाल सरकारले साइबर सुरक्षा नीति, २०८० जारी गरेको छभने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सामाजिक सञ्जाल र साइबर सुरक्षा तथा साइबर अपराधसम्बन्धी गरी दुईवटा छुट्टाछुट्टै विधेयकको मस्यौदा सार्वजनिक प्रतिक्रियाको लागि प्रकाशित गरेकोमा सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा बनेको विधेयक संसद्मा प्रस्तुत हुने क्रममा रहेको छ।**

**साइबर आक्रमण वा ह्याकिङ हुनका लागि आन्तरिक र बाह्य गरी दुईवटा तत्वहरू जिम्मेवार हुन्छन्। आन्तरिकतर्फ प्रयोगकर्ताको इन्टरनेट प्रणालीमा भएको साइबर सुरक्षा लापरबाही वा कमजोरीको फाइदा उठाइ आइबर आक्रमण, ह्याकिङ हुनु हो। बाह्य तत्वमा इन्टरनेटको अन्तर्राष्ट्रिय ब्यान्डविथ प्रदायक वा राष्ट्रिय ब्यान्डविथ प्रदायक वा इन्टरनेट सेवा प्रदायक (आईएसपी) हरूद्वारा हुनसक्ने गोप्य पर्यवेक्षण वा निगरानी हो, जुन प्रत्यक्षरूपमा राष्ट्रको सार्वभौमसत्तासँग जोडिएको हुन्छ।**

**आन्तरिक सुरक्षाको लागि साइबर सुरक्षा प्रोफेसनल वा सूचना सुरक्षा विश्लेषकजस्ता पेसेवरहरूको सहयोगमा डेटा, नेटवर्क र प्रणालीहरूलाई सुरक्षा गर्न सुरक्षा कमजोरीहरू अग्रिम पहिचान गरी पूर्वसुरक्षा उपायहरू लागू गर्ने र साइबर आक्रमणको तत्काल सम्बोधन गर्ने संयन्त्रको स्थापना गर्नुपर्ने हुन्छ। बाह्य सुरक्षाका लागि नेपालको आफ्नै स्वतन्त्र भूउपग्रह प्रणाली स्थापना गरी साइबरस्पेस सार्वभौमसत्ता वा इन्टरनेट सार्वभौमसत्ता स्थापना गर्नेतर्फ नेपालको ध्यान तत्काल जानुपर्छ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# विद्यार्थी संगठनको औचित्य



• **मनोज सुवेदी**

समाज परिवर्तनशील छ । समय सापेक्ष यसको संवाहक राजनीति पनि परिवर्तनशील हुनु जरुरी छ । समाज सापेक्षित चल्न नसक्ने संस्थाको समयले अयोग्य साबित गर्छ । व्यवस्था परिवर्तन शैक्षिक सुधार जनजीविकाको प्रश्न उठाउने सवालमा केन्द्रमै रहेर चेतना प्रवाह गर्ने संस्थाका रूपमा विद्यार्थी सङ्गठनको अत्यन्तै गौरवपूर्ण इतिहास छ । यसबाट परीक्षण भई बनेका विद्यार्थी नेताहरू आज देशको निर्णायक तहमा पुगेका छन्, त्यसमा कुनै दुविधा मान्नु पर्दैन । विगतमा राजनीतिक चेतना प्रवाह गर्न यस्ता सङ्गठनले आफूलाई समयसापेक्ष परिवर्तन गर्न सकेका छन त ? जटिल प्रश्नका रूपमा खडा भएको छ । त्यसै कारण आज यस्ता संस्थाको औचित्यमाथि प्रश्न उठ्नु अन्यथा मान्नुपर्ने कुरा छैन मत भिन्नता र विचारमा विविधता लोकतन्त्रको चरित्र नै हो ।

विद्यार्थी सङ्गठनको औचित्यको प्रश्न कति सान्दर्भिक कति असान्दर्भिक यो यसको चरित्रबाट पुष्टि हुने कुरा हो । विगतमा व्यवस्था परिवर्तन शैक्षिक सुधार राजनीतिक चेतना प्रवाहमा विद्यार्थी सङ्गठनले अहम् भूमिका खेल्यो भन्ने कुरामा सङ्कोच मान्नुपर्ने कारण छैन । यद्यपि अहिलेको लोकतान्त्रिक समाजमा विद्यार्थी सङ्गठनको भूमिकाको आयाम बदलिएका छन् । विगतमा जस्तो अहिलेको राज्य व्यवस्थाले दमनकारी मार्ग अपनाएको छैन त्यसैले विद्यार्थी सङ्गठनको कार्यगत स्वरूपमा परिवर्तन ल्याउनु आवश्यक छ ।

आजको अवस्थामा विद्यार्थी सङ्गठनको भूमिका विगतभन्दा पक्कै फरक छ, यद्यपि यसको आवश्यकताको सवालमा विगतभन्दा अहिले कम भएको चाहिँ छैन । विद्यार्थी सङ्गठनले विगतको सुँगा रटाइ कार्यशैलीले गर्दा यसको वर्तमान औचित्यमाथि प्रश्न उठेको छ । दलगत राजनीतिक किचलोका कारण निश्चित समयका लागि विद्यार्थी सङ्गठनलाई प्रयोग गर्ने माउ पार्टीको प्रवृत्तिले यसको शैक्षिक आवश्यकताभन्दा राजनीतिक आवश्यकता दर्शाएको हो । विगतमा जस्तो यसको आवश्यकता आज पनि उत्तिकै छ । विगतमा शैक्षिक, राजनीतिक, स्वतन्त्रताका लागि यसको औचित्य थियो भने आज शैक्षिक सुधार, रोजगारी, लोकतन्त्र र मानव अधिकारका उपलब्धिलाई संस्थागत गर्न यसको आवश्यकता खड्ि कएको छ । यद्यपि अहिलेका विद्यार्थी नेताहरूमा केही सुधार गर्नुपर्ने पक्ष छ । विगतमा जस्तो युवा अवस्थाका बिपी, पुष्पलाल जस्तो चेतनशीलता त्याग समर्पण अहिलेका विद्यार्थी नेताहरूमा पक्कै पनि छैन । सानोतिनो उपलब्धिमा नै समग्र आन्दोलनलाई संकुचित गर्ने हालका विद्यार्थी नेताहरू पछाडि पर्दैनन् । यसैको ज्वलन्त उदाहरण हो, विद्यार्थी नेतालाई माउपार्टी नेताहरूको स्वकीय सचिवमा मात्र सीमित राख्ने गरेका छन् । यद्यपि यसमा विद्यार्थी सङ्गठनको आफ्नै कमजोरी पनि देखिन्छ । अझै पुरानै शैलीको तालाबन्दी, सडक प्रदर्शन, चर्का नारा, विद्यार्थी सङ्गठनबिच झगडा आदिबाट गुज्रिरहेको छ ।

विद्यार्थी सङ्गठनलाई राजनीतिक चेतना फैलाउने नर्सरीको रूपमा पनि बुझ्न सकिन्छ । आजको अवस्थामा यी सङ्गठनले राजनीतिक चेतना विकास गराउन प्रभावकारी भूमिका खेल्न चुकेका छन् । फलस्वरूप समग्र राजनीतिप्रति नै युवाको चासोमा क्रमशः रास आउँदै छ । दलगत राजनीतिमा आबद्ध नरहे पनि समग्र राजनीतिप्रति नै वितृष्णा जाग्नु समग्र लोकतन्त्रप्रति नै खतराको सङ्केत हो । फलस्वरूप लोक रिझाइ गरेर चर्चा कमाएका व्यक्तिले समेत युवाको मन बहलाउन सफल भएको देखिन्छ । जसले गर्दा राजनीतिक अस्थिरता निम्त्याउने कारण बन्यो, यसको ज्वलन्त उदाहरण हो रवि लामिछानेको उदय । अहिलेको समयमा यसले वैचारिक दृष्टिकोणबाट स्पष्ट चेतनशील युवा जमात निर्माणमा भूमिका खेल्न सक्नु पर्छ । पहिले जस्तो सडक र चिया गफले अब युवा जमातलाई आकर्षित गर्न सक्ने अवस्था छैन । दलीय स्वार्थमा मात्र यो पूरा हुनेवाला छैन । अध्ययनको वातावरण सिर्जना विज्ञान प्रविधिको प्रयोगबाट रचनात्मक कार्यक्रमले यसलाई गतिशील गराउँदै लैजानु पर्छ ।

अझै पनि शिक्षा क्षेत्रमा अनगन्ती विसङ्गति छन् । नतिजा प्रकाशनदेखि शुल्क वृद्धि, परीक्षा प्रणाली थप बेरोजगारीको समस्या व्याप्त छन् ।
विश्वविद्यालय खुल्दै छन् तर अध्ययन गर्ने विद्यार्थीको अभाव छ । यस्ता विषयलाई विद्यार्थी सङ्गठनले आत्मसात् गर्नु पर्छ । स्वतन्त्र विद्यार्थी युनियनको चुनावलाई क्रियाशील बनाएर नेतृत्व विकास साथै शैक्षिक सुधार गर्नु पर्छ । हुन त भ्रातृ सङ्गठनबिनाको विद्यार्थी संस्थाको परिकल्पना र चर्चा पनि हुन्छ तर हाम्रो जस्तो दलीय लोकतन्त्र अभ्यास भएको मुलुकमा दलीय चुनाव जस्तै स्वतन्त्र विद्यार्थी युनियनको चुनावको अभ्यास गराउँदै लैजानु पर्छ । अहिलेको वर्तमान अवस्थामा विश्वविद्यालय शैक्षिक क्षेत्रमा मात्र कार्य गर्ने होइन कि विद्यार्थीको प्रतिभा पहिचानमा पनि भूमिका खेल्न सक्नु पर्छ । त्यसको जिम्मेवारी विद्यार्थी सङ्गठनले लिनु पर्छ । सजिलैसँग लाखौं विद्यार्थी आबद्ध रहेको विद्यार्थी सङ्गठनलाई खारेजको चर्चा प्राज्ञिक तहबाटै सुनिन्छ । लोकतन्त्रलाई जीवन्त बनाउन संघ संस्था खोलिनु पर्छ तर विडम्बना यहाँ भएकालाई गतिशील बनाउने बहसभन्दा त्यसलाई समाप्त गर्ने बहस हुन्छ । जुन लोकतन्त्रलाई घातक हो लाखौं विद्यार्थी आबद्ध रहेको संस्था मर्दा त्यसले देशको आन्तरिक लोकतन्त्रलाई कस्तो प्रभाव पर्छ चिन्तन गर्नुपर्ने विषय छ ।

अहिलेको अवस्थामा विद्यार्थी सङ्गठन शिक्षा र रोजगारीमा मात्र सीमित नरही हालसम्म प्राप्त लोकतान्त्रिक उपलब्धि, मानव अधिकार, कानुनको पालना, माउपार्टीभित्रको आन्तरिक लोकतन्त्र जस्ता विषयको उठान गरी यसको औचित्यलाई प्रभावकारी रूपमा उभ्याउन सक्नु पर्छ । आफ्नो माउपार्टीको परमादेशको कृपा दृष्टि खोज्ने पद्धति अब बन्द गरिनु पर्छ । भ्रातृ सङ्गठनको राजनीतिक आवश्यकताबाहेक शैक्षिक क्षेत्रमा माउ पार्टीको आज्ञा अनुसार कार्य गर्ने प्रवृत्तिप्रति अङ्कुश लगाइनु पर्छ । पहिलेको अवस्थामा समग्र व्यवस्था परिवर्तन गर्न सक्ने भूमिका खेल्ने सङ्गठन अहिले आफूलाई सङ्कुचित राख्नु हुँदैन । शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी सबै कुरामा सशक्त आवाज उठाउन सक्नु पर्छ । सरकारबाट भए गरेका कामहरूलाई पारदर्शी र जवाफदेही बनाउन सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्नु पर्छ ।

विगतमा भएको इतिहासलाई कायम राख्नु आफैँमा एउटा चुनौतीपूर्ण विषय हो । यसभित्र व्याप्त कमीकमजोरीलाई सच्याउँदै लैजानु पर्छ । राज्यको बृहत् हितका निम्ति यसको औचित्य पुष्टि गर्नु पर्छ । लोकतन्त्रमा संघ संस्था खोलिनु पर्छ, यसको सुन्दर पक्ष यही हो । हालसम्मका स्थापित संघ सङ्गठनलाई जोगाइराख्नु लोकतन्त्रको सबैभन्दा प्रबल पक्ष हो भन्ने कुरालाई सङ्कुचित राख्नु हुँदैन ।

# तराईमा दाइजोले ल्याएको विकृति



• **प्रतिमाकुमारी यादव**

दाइजो प्रथा समाजमा विकृत रूपमा जडो गाडेर बसेको छ । परापूर्वकालदेखि चल्दै आएको प्रथा हो । दाइजो प्रथा भनेको विवाहको समयमा केटा पक्षलाई केटी पक्षबाट दिइने नगद, सामान, गहना आदि सम्पत्ति भनेर बुझिन्छ । यो प्रथा दक्षिण एसियामा बढी मात्रामा प्रचलित देखिन्छ, जसमा नेपाल पनि एक हो । यो प्रथा नेपालको पूर्वदेखि पश्चिमसम्म अत्यधिक रूपमा प्रचलित रहेको पाइन्छ । दाइजो प्रथा सुरु सुरुमा महिलालाई दिने आर्थिक सुरक्षा तथा माइती पक्षबाट दिइने मायाको स्वरूप भनेर चिनिन्थ्यो । केही समयको अन्तरालपछि यो एक सामाजिक विकृतिको रूप लिएको देखिन्छ । जहाँ केटा पक्षले माग गरेको रकम अथवा केही साम्पत्तिक चिज वस्तु माग गरेबमोजिम केटी पक्षले दिनुपर्ने हुन्छ । विवाह एक हाम्रो संस्कृतिमा पवित्र र मायाले जोडिएको बन्धन भनेर बुझिन्छ तर केटी पक्षले विवाह गरेवापत आफ्नो प्रिय छोरी र अत्यधिक मात्रामा सम्पत्तिको रूपमा माग गरिएको नगद, केही आरामदायी वस्तु, गरगहनासमेत बुझाउनुपर्ने एक जबर्जस्ती भौतिक विवाह हुन पुगेको देखिन्छ । दाइजो प्रथा नेपालको विभिन्न भागमा प्रचलित रहेको पाइन्छ र खास यो प्रथा तराईमा सीमित मात्र होइन कि काठमाडौँ उपत्यकाको विभिन्न ठाउँमा प्रचलित देखिएको पाइन्छ । जसरी दाइजो प्रथालाई तराईको मात्र पहिचान बनाइएको छ तर वास्तविक रूपमा अहिले विभिन्न जनचेतनामूलक कार्यक्रमले गर्दा तराई क्षेत्रमा यो प्रथा अलि कम भएको पाइन्छ र अरू क्षेत्रमा प्रत्यक्ष रूपमा नदेखिए पनि अप्रत्यक्ष रूपमा वृद्धि भएको पाइन्छ ।

### महिला अधिकार

महिला अधिकार भनेको महिलालाई शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगार र समानताको आधारमा सम्मानपूर्वक जीवन जिउने अवसर प्राप्त गर्ने अधिकार हो तर दाइजो प्रथाले यी अधिकारलाई कमजोर बनाउँदै महिला हिंसा, शोषण र भेदभावलाई प्रोत्साहन गरेको छ । दाइजो प्रथाले धेरै महिलासम्बन्धी हिंसालाई प्रोत्साहन गरेको छ । जस्तै शारीरिक र मानसिक तनाव, शिक्षामा अवरोध, आत्महत्या, घरेलु कुटपिट, ज्यान मार्ने जस्ता घटना निम्तिएका छन् । साथै आमा बाबुले छोरीलाई समाज र घरको बोझ भनेर मान्ने गर्छन्, कारण बिहे गर्ने बेला दाइजो दिनु पर्छ । मैथिलीमा एउटा उखान रहेको छ 'बेटी जन्मलेल त सात हात धर्ती तर भगेल' अर्थात् छोरी जन्मिनु भनेको घरको धन सक्किनु हो भनेर बुझिन्छ । अहिलेको समयमा हेर्ने हो भने प्रत्यक्ष रूपमा धेरै हदसम्म न्यूनीकरण हुँदा पनि अप्रत्यक्ष रूपमा दाइजो लिने दिने गरिन्छ । बिहेमा दाइजो नलिई जाँदा महिलालाई हेपाहा दृष्टिले हेर्ने तथा शारीरिक पीडा नभए पनि मानसिक पीडा दिने गरेको देखिन्छ । यस्ता घटना दिन प्रतिदिन पत्रपत्रिकामा पढ्न पाइन्छ । नेपालमा दाइजो प्रथाविरुद्ध विभिन्न कानुनी प्रावधान भए पनि यसको प्रभावकारी कार्यान्वयनमा चुनौती देख्न पाइन्छ । दाइजो प्रथाको अन्त्यको निम्ति र महिलाको अधिकारको संरक्षणका लागि नेपालले केही कानुनी प्रावधान निर्माण गरेको छ ।



### नेपालको संविधान

नेपालको संविधानले समानताको अधिकारलाई प्रत्याभूत गरेको छ । धारा १८ अनुसार, कुनै पनि व्यक्तिलाई लिङ्ग, भाषा, जाति वा अन्य कुनै आधारमा भेदभाव गर्न पाइँदैन । साथै, धारा ३८(३) ले महिलाविरुद्ध हुने कुनै पनि प्रकारको हिंसालाई निषेध गर्छ । यस प्रावधानले दाइजोसम्बन्धी हिंसाका विरुद्ध कानुनी आधार प्रदान गर्छ, जसले महिलालाई शोषण र हिंसाबाट सुरक्षित राख्न मद्दत पुर्‍याउँछ ।

### सामाजिक व्यवहार (सुधार) ऐन

सामाजिक प्रथा (सुधार) ऐन, २०३३ ले विवाहका क्रममा दाइजो दिने र लिने कार्यलाई स्पष्ट रूपमा अपराधको रूपमा परिभाषित गरेको छ । यस ऐनको दफा ५ ले विवाह हुँदा वा विवाहपछि दुलही पक्षबाट दुलही वा दुलहालाई यति नगद, जिन्सी, दाइजो, दान, बकस, भेटी, बिदाइ उपहार आदि जुनसुकै रूपमा दिनु पर्छ भनी दुलहा पक्षले कर लगाउन वा यति लिने दिने भनी दुवै पक्षले अगावै तय गर्न हुँदैन र दाइजो नदिएको आधारमा दुलहा पक्षले टन्टा गर्न, विवाह गर्न इन्कार गर्न वा विवाह भइसकेपछि दुलही बिदाइ गराई साथ नलग्न, वा दुलहीपछि मात्र बिदाइ गराई लग्ने प्रथा भएकाहरूले पछि बिदाइ गराई लग्न इन्कार गर्न पाइँदैन । विवाह हुँदा जिउमा लगाएको एकसरो गहनाबाहेक आफ्नो कुल परम्परा अनुसार राजी खुसीले दिनेले बढीमा १० हजार रुपियाँसम्मको मात्र दाइजो दिन सक्ने छन् । उपदफा (१) वा (२) उल्लंघन गर्नेलाई लिन दिन नपाउने गरी बिगो भए बिगो जफत गरी १० हजार रुपियाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको छ ।

### मुलुकी अपराध संहिता

मुलुकी अपराध संहिता २०७४ को दफा १७४ अनुसार दाइजो लिनु र दिनु गैरकानुनी मानिएको छ । परम्परादेखि चलिआएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहनाबाहेक, दुलाहा वा दुलहीको तर्फबाट कुनै किसिमको चलअचल सम्पत्ति, दाइजो वा लेनदेन सर्त राखी विवाह गर्न वा गराउन नपाइने व्यवस्था छ । यस्तो कसुर गरेमा तीन वर्षसम्म कैद, ३० हजार रुपियाँसम्म जरिबाना वा दुवै सजाय हुन सक्छ । साथै कुनै किसिमको सम्पत्ति नदिएको कारणले दुलही वा उनका नातेदारलाई हैरान पार्न, सताउन, अपमानजनक वा अमानवीय व्यवहार गर्न नपाइने व्यवस्था छ र यस्तो कार्य गरेमा पाँच वर्षसम्म कैद, ५० हजार रुपियाँसम्म जरिबाना, वा दुवै सजाय हुन सक्छ । साथै दाइजोको रूपमा लिएको सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्ने प्रावधान पनि उल्लेख गरिएको छ । २१ औं शताब्दीमा पनि दाइजो अहिलेसम्म नियन्त्रण नहुनुको केही मुख्य कारण :

### मानसिकता र शिक्षामा कमी

सर्वप्रथम जुन परम्परागत मानसिकता छ त्यो मानसिकता परिवर्तन नहुनु हो । यस्तै महिला अशिक्षित हुनु र कानुन बारेमा सचेत नहुनु पनि हो । दाइजो नेपालभरि प्रचलन हुँदा पनि तराईको मध्यम भागमा यो बढ्दो क्रममा देखिन्छ, जसमा मध्यम वर्गीय परिवारले दाइजो दिने बढी देखिएको छ । तल्लो वर्गीयले धेरै पैसा दिने आट गर्दैनन् तर मध्यम वर्गीयले राम्रो, पढेलेखेको र योग्य दुलाहा पाउन ऋण लिएर भए पनि दाइजो दिने काम गरेको पाइन्छ । पछि चेलीबेटी पीडा र उत्पीडनको मारमा परे पनि वा आफू पनि फसिन्छ भनेर प्रहरीमा उजुरी नदिएको पाइन्छ । सेतो पानामा कालो अक्षरको कानुन भए पनि त्यसको कार्यान्वयन प्रभावकारी भएन भने त्यो कानुनको औचित्य शून्यताको बराबर हुन्छ भन्ने यथार्थवाद सम्प्रदायको सिद्धान्त लागु हुन्छ । त्यही भाएर सरकारले कार्यान्वयनको पक्षमा समेत ध्यान दिनु आवश्यक रहेको देखिन्छ । गाउँ गाउँमा गएर महिलालाई दाइजोविरुद्ध कानुनबारे चेतना जगाउनुका साथै उनीहरूलाई स्वतन्त्र हुन र परनिर्भर नहुन उत्प्रेरित गर्न आवश्यक छ । दाइजो प्रथालाई सामाजिक र सांस्कृतिक परम्पराको रूपमा स्वीकृति दिइएको छ, जसले यसको उन्मूलनमा चुनौती थपेको छ । सरकारले विभिन्न सामुदायिक स्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेर दाइजो प्रथालाई सामाजिक रूपमा अस्वीकार्य बनाउनु पर्छ । सशक्त र कडा सजायको व्यवस्था हुनु, सशक्त तरिकाले अनुसन्धान गरी कसुर गर्नेलाई कडाभन्दा कडा सजाय गरी पीडितलाई उचित मात्रामा क्षतिपूर्ति तथा न्यायको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ ।

### निष्कर्ष

दाइजो प्रथा नेपालको समाजमा एक गम्भीर र जटिल समस्या हो, जसका कारण महिलाको जीवनमा शारीरिक, मानसिक र आर्थिक हिंसा पुर्‍याइन्छ । यसको उन्मूलनका लागि कानुनी सुधार, सामाजिक मानसिकतामा परिवर्तन र व्यापक शिक्षा र जनचेतनाको आवश्यकता छ । दाइजो प्रथा र त्यससँग जोडिएका लैङ्गिक असमानताका मूल कारणको समाधान गर्दै मात्र महिलालाई समान अधिकार र सम्मान प्राप्त गर्न सकिन्छ । यसका लागि सरकार, समाज र महिला अधिकारकर्मीको समन्वय र सहकार्य अत्यन्त आवश्यक छ । यदि हामी सबै मिलेर यस प्रथाको अन्त्यका लागि सक्रिय कदम चाल्न सक्यौं भने नेपाल महिलाको सशक्तीकरण र समानताको दिशातर्फ अगाडि बढ्न सक्छ ।

# संविधान संशोधनमा पैतृक सम्पत्ति



• प्रकाश अधिकारी

नेपालमा संवत् १९७० असोज ११ गतेदेखि परिवारको मुलीले पितापुर्खाबाट प्राप्त गरेको सम्पत्तिमध्ये चल सबै, अचल आधासम्म र आफ्ना पालामा आर्जेको चलअचल सबै आफूखुसी कसैलाई दिन वा बेचबिखन गर्न पाउने कानुनी व्यवस्था रहँदै आएकोमा मौजुदा देवानी संहितामा पितापुर्खा र स्वआर्जित नभनी घरको मुख्य व्यक्तिले सगोलको सम्पत्तिमा घर व्यवहारका लागि चल सबै र अचल आधासम्म कसैको मञ्जुरी नलिई बिक्री गर्न पाउने व्यवस्था छ । परिवारको आकारप्रकार अनुसार बाबु, लोग्ने, ससुरा, दाजु, आमा, सासू कोही घरमुली हुन सक्छ । आफूखुसी गर्न पाउने आधा सम्पत्ति पनि दान, बकस वा बिक्री गरेमा पत्नीसमेत उमेर पुगेका छोरा, छोरी वा बुहारीले त्यसविरुद्ध अदालतमा चुनौती दिन सक्छन् ।

अंशसँग जोडिएका सबै प्रकारका विवाद न्यायिक जाँचबुझ र निरूपणको विषय हुँदै आएको छ। किनभने अंशको हकलाई नैसर्गिक मानिएको छ। अंशबन्डा गर्दाका बखत महिला अंसियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने रहेछ भने त्यसरी जन्मने शिशुलाई समेत अंश छुट्याउनु पर्छ। मौजुदा अंश हकको कानुनी सार यत्ति हो । मिताक्षर र दाय भाग हिन्दु कानुनका दुई शाखामध्ये जन्मका साथ सम्पत्तिमा अधिकार प्राप्त हुने मिताक्षरसँग यो नजिक छ ।
स्रोत र सम्भावना भएको हाम्रो देशमा कस्ता सार्वजनिक नीति लागु गरेर कसरी समाजलाई उद्यमशील र उत्पादनमुखी बनाउन सकिन्छ भनेर बहस भइरहेका छन् । परनिर्भरता, पलायन र ‘ उत्पादनविहीनता’ अहिले सबैको ‘चासो र चिन्ता’ हो । पैतृक सम्पत्तिमा जन्मसँगै अंश हक लाग्ने संविधान र कानुनका मौजुदा प्रावधान उद्यम र उत्पादन प्रवर्धनमैत्री छन्, छैनन् ? सम्पत्तिको हक ‘लगानी मैत्री’ हुन् नागरिकको सम्पत्तिमा राज्यले निगरानी गर्नुपर्ने कि नियमन र नियन्त्रण ? अर्थतन्त्रमा ‘तरलता’ पैदा गर्ने नीति, कानुन र पूर्वाधार विकास गरी निर्वाहमुखी कृषि, उद्योग, व्यापार जस्तै विशेष क्षेत्रलाई व्यावसायिक बनाउन पैतृक सम्पत्तिमा सन्तानको हक लाग्ने प्रावधानले भरथेग गरे/ नगरेको के छ ? भन्ने कोणबाट अबको संविधान संशोधनमा समीक्षा गर्नुपर्ने बेला भएको छ ।

सम्पत्ति स्वतन्त्रता हो, सम्पत्तिले मानिसलाई अन्य स्वतन्त्रता उपभोग गर्न सक्षम बनाउँछ । अहिलेको कानुनमा सामान्यतः सगोलमा बस्दाको ऋण र कमाएको धन परिवारका सबै सदस्यले भागसान्ती बेहोर्नुपर्ने एवं हक लाग्ने व्यवस्था छ । अंश बन्डाद्वारा परिवारका सदस्यको जीवन संरक्षण र सुरक्षित गर्ने र सम्पत्ति बाँडफाँटमा समानता कायम गर्नु हो । यस प्रकार अंशबन्डाले हाम्रो पारिवारिक संरचनालाई ‘कम्युन’ कै बचेखुचेको स्वरूपमा राखेको भन्न सकिन्छ । नेपालीको आदर्शमा यो मौलिक आविष्कार हो । आदर्शबाट हामी पलायन भइरहेका छौँ ।

राज्यले नागरिकको जीवन र सम्पत्तिको सुरक्षामा समान महत्व दिइरहेको हुन्छ, किनभने यी दुई सम्बन्धमा अन्योन्याश्रित छन् । सम्पत्तिले समाजलाई स्थायित्व दिन्छ र यसको असमान वितरणले विशृङ्खलित पनि बनाउँछ । यो मानिसको श्रमको फल हो तर श्रम नगरी पनि सम्पत्तिका स्वामी हुनेहरू हुन्छन् । मानिसलाई सम्पत्ति कमाउन प्रेरणा दिने पनि सम्पत्ति नै हो । सम्पत्तिले मानिसलाई पहिचानको भाव र आत्मसम्मान दिन्छ, अर्कातिर सम्पत्तिको लोभले मानिसको व्यक्तित्वलाई भ्रष्ट पनि बनाउँछ ।

सामाजिक सम्झौताद्वारा राज्यको सिर्जना गर्दा स्वच्छन्द स्वतन्त्र भएर बाँच्न पाउने व्यक्तिको हक सम्पत्तिको अधिकार हिफाजत गर्ने अधिकार र स्वतन्त्रतासँग विनियम गरी परित्याग गरिएको थियो । त्यसैले निजी सम्पत्ति व्यवस्थापन राज्यको उच्च प्राथमिकतामा रहन्छ । निजी सम्पत्तिमाथिको अनियन्त्रण (लेसिज फेअर) ले राष्ट्रहरूलाई समृद्ध बनाएको छ । अमेरिकी संविधानले नागरिकको सम्पत्तिको अधिकारलाई संरक्षण गरेको भरमा त्यहाँको बाँकी कुरा टिकेको मानिन्छ ।

सम्पत्तिको अधिकार मानिसका सबै अधिकारको जग हो र समाज र कानुनभन्दा पुरानो हो । यो अधिकारको सुनिश्चितताका लागि समाजको विकास भएको हो । मानिस सबैभन्दा धेरै विवाद यसैका लागि गर्छन् । अदालतमा देवानी मुद्दामा अंश विवादको आकार ठुलो रहेकाले यसको फर्स्योटमा उल्लेख्य सार्वजनिक एवं निजी स्रोत र समयको खर्च हुने गर्छ । अंशबन्डाको व्यवस्थाले कृषि जमिनको खण्डीकरण गरेको छ, आर्जन गर्ने र नगर्ने दुवै थरिलाई भागसान्ती अंशको हक सुनिश्चित हुँदा स्वावलम्बी अर्थतन्त्रको विकासमा पनि सघाएको छैन ।

इटालीमा हालसालै आफूमा आश्रित भएर घर छोड्न नचाहने उमेर पुगेको छोराहरूलाई आमाले अदालतमा मुद्दा गरेर घरबाट निष्कासन गरिन् । अहिलेसम्म नेपालीको पितापुर्खाको सम्पत्तिमा निर्भरता छिपेको छैन । “अन्य देशको तुलनामा नेपाली आमाबाबुमाथि बढी र लामो समयसम्म निर्भर रहने गर्छन् । साँच्चै भन्ने हो भने धेरै नेपाली जीवनभर आमाबाबुप्रति निर्भर हुन्छन् र कहिलै स्वतन्त्र हुन सक्दैनन् । कसैलाई पनि कुन उमेरमा आमाबाबुबाट अलग्गिन पर्छ भनी सिकाउने कुनै संस्था, मूल्य पद्धति वा शिक्षा यहाँ छैनन् । केही युवा आमाबाबुबाट अलग्गै रहेर कमसेकम आर्थिक रूपले आत्मनिर्भर हुन चाहन्छन्, किनभने आधुनिक दृष्टिले यसो गर्न राम्रो र वाञ्छनीय मानिन्छ ।” (डोरबहादुर विष्ट)।

नेपाली घर परिवारमा छोरीभन्दा छोरालाई महत्व दिइन्छ । राजाको जेठो छोरो उत्तराधिकारी हुने परम्परादेखि प्रभावित भएर छोरामध्येको जेठो छोरो प्राथमिकतामा पर्छ । धेरै धार्मिक संस्कार जेठो छोराबाट सम्पन्न गर्ने गरिन्छ । सानो केटाकेटी कान्छो छोरालाई संरक्षणात्मक व्यवहार गरिन्छ । अंश समान रूपले बन्डा हुने भएकाले साहसिक, प्रतिस्पर्धात्मक र स्वतन्त्र विचारको विकास गर्ने सन्तानको मानमनितो नभएर परनिर्भरताको प्रवृत्तिले बढावा पाइरहेको छ । सार्वजनिक सेवामा मनोनयन गर्दा व्यक्तिको ल्याकत र शैक्षिक योग्यताभन्दा निजको कुल र वंशलाई महत्व दिने राणाकालीन चलन प्रकारान्तरले अद्यापि कायम छ ।

मृत्युपछि सम्पत्ति हस्तान्तरणका लागि ‘ कमन ल’ प्रणाली भएका वा यसबाट प्रभावित मुलुकमा इच्छापत्रको व्यवस्था लोकप्रिय छ । नोबेल पुरस्कारको अल्फ्रेड नोबलले गरिदिएको इच्छापत्रबाट स्थापना भएको हो । छिमेकी राष्ट्र भारतमा पैतृक सम्पत्तिबाहेक ‘आफूले कमाएको सम्पत्ति’ मा आफूखुसी गर्न पाइन्छ । हाम्रो कानुन प्रणाली ‘कमन ल’ बाट प्रभावित र विकसित हो । देवानीका धेरै विषय हाम्रा आफ्नै मौलिक पनि छन् । पैतृक सम्पत्तिमा बराबरी हक लाग्ने अंशबन्डा पनि तिनै मौलिकमध्ये पर्छ तर यो अब काल, बेला सुहाउँदो रहेन । अंशसम्बन्धी कानुनी व्यवस्था गर्ने मुलुकी ऐनलाई प्रतिस्थापन गर्ने देवानी संहिता तर्जुमा गर्दा संहिता लागु भएको १८ वर्षपछि कार्यान्वयनमा आउने गरी, ‘बाबुआमाबाट अंश लिने तर बाबुआमाप्रति कुनै दायित्व नलिए पनि हुने’ हालको व्यवस्थाको अन्त्य गरी सम्पत्ति धनीले इच्छापत्रद्वारा आफूखुसी कसैलाई पनि दिन सक्ने प्रावधान राख्ने विषयमा त्यसबेलाको व्यवस्थापिका-संसद्मा घनीभूत छलफल भएको थियो । ‘पैतृक सम्पत्तिमा छोरीको पनि समान हक लाग्ने गरी भर्खर जस्तै आरम्भ भएको संविधानको मौलिक हक इच्छापत्रले निरर्थक हुन्छ’ ठानी विधायिकाले अंशबन्डालाई नै निरन्तरता दिएको छ ।

उत्तराधिकारीमा छोरा नहुनेले जीवनकालपछि आफ्नो सम्पत्ति ‘फलानाको हुने’ भनेर लेखेर छाड्ने चलनबाट इच्छापत्रको विकास भएको हो । पहिलो इच्छापत्र करिब छ सय वर्ष इसापूर्व एथेन्समा लेखिएको थियो । इच्छापत्र दिने मानिस युक्तियुक्त विचारसहित उमेर पुगेको र होसहवास भएको हुनु पर्छ । इच्छापत्र आफैँले लेखेर वा व्यवसायीद्वारा लेखाएर तयार गर्ने गरिन्छ र इच्छापत्रवालाको मृत्युपछि मात्र ‘खोलिन्छ’ । इच्छापत्र नगरी मरेका मानिसको सम्पत्ति कसले र कसरी पाउने विषयमा अदालतद्वारा निर्णय हुन्छ । कार्यान्वयन हुन सक्ने इच्छापत्र हुनका लागि पुऱ्याउनुपर्ने ‘रीतहरू’ कानुन प्रणाली र देशपिच्छे सानातिना फरक हुन्छन् । त्यसैले इच्छापत्रको प्रावधान भएका देशको प्रणाली बिच सामञ्जस्यका लागि संयुक्त राष्ट्रसंघले ‘ अन्तर्राष्ट्रिय इच्छापत्र’ गर्न सक्ने प्रावधान समाविष्ट महासन्धिको विकास गरेको छ । यसका पक्षराष्ट्र २१ छन् र १९७८ देखि लागु भएको छ । महासन्धिले कसैले पनि कहीँ पनि इच्छापत्र गर्न सक्ने र त्यस्तो इच्छापत्र सन्धिका पक्ष राष्ट्रमा कार्यान्वयन हुने गरी नियम बनाएको छ । यसले मानिसको जीवनमा सम्पत्तिको र देशको न्यायिक प्रणालीमा इच्छापत्रको महत्वलाई पुष्टि गर्छ ।
इच्छापत्रको कानुनी व्यवस्थाले ज्येष्ठ नागरिकलाई भेदभाव र हेलाहोचो गर्नबाट जोगाउँछ । आफूलाई स्याहारसम्भार गरी सहयोग गर्ने मानिसलाई आफूले जीवनभरको आर्जन दिन पाउने विशेषाधिकार इच्छापत्रद्वारा सुरक्षित हुन्छ। आफूलाई मन नपरेको वा आफ्नाविरुद्ध लागेको मानिसलाई आफ्नो कमाइ दिनैपर्ने अहिलेको बाध्यता हटेर जान्छ । आफू आश्रित हुने गर्भमा रहेको शिशुसमेत बालबालिका भएमा तिनको लालनपालन, शिक्षा, स्वास्थ्यको सुनिश्चित गर्छ । मरेपछि रीत परम्परा अनुसारको सदगत तथा किरिया गर्ने गराउने कुराको बन्दोबस्त गरी ढुक्क बनाउँदा इच्छापत्र गरेर आत्मसन्तुष्टि मिल्छ ।

कानुन निर्माण सामाजिक जीवनको साझा चेतनाबाट हुन्छ । यसको प्रकटन कानुन निर्माण गरी जनप्रतिनिधिले गर्छन् । सार्वजनिक हितका लागि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने जस्तो महत्वको कुरा संसद्‌को सामान्य बहुमतले बनाएको ऐनबमोजिम हुने संवैधानिक व्यवस्था छ । पैतृक सम्पत्ति जस्तो निजी कुरालाई मौलिक हकमा राखिएकाले यसको संशोधन संसद्‌को दुईतिहाई बहुमतले मात्र हुन सक्छ । पैतृक सम्पत्तिको संशोधन दुरुह पार्नुको तुक र औचित्य देखिँदैन । सम्पत्ति मालिकले आफ्नो कमाइ कसलाई कसरी हस्तान्तरण गर्ने कुरा संसद्‌ले बनाएको ऐनद्वारा व्यवस्थापन र निगरानी गर्ने कुरा हो, मौलिक हकमा राखी नियमन हुने विषय होइन । देश परदेश गई घर, खेती, व्यापार वा अरू कुनै उद्यम गरी आर्जन गर्ने अंसियार र गर्भमा रहेको शिशु अंसियार बिच अंशबन्डामा विभेद गर्न पाइँदैन । बाबुआमाको सबै प्रकारको आर्जनमा सन्तानको अंश हक लाग्छ तर सन्तानको निजी आर्जनमा बाबुआमाको अंश हक लाग्दैन । यी व्यवस्था विभेदकारी हुन् । सम्पत्तिको अधिकारले वैयक्तिक स्वायत्तताको प्रत्याभूति गर्नुपर्नेमा यसले गर्दैन । अबको संविधान संशोधनमा मौलिक हकबाट पैतृक सम्पत्तिको प्रावधान झिकी इच्छापत्र लागु गर्ने वा इच्छापत्रका बारे जनस्तर र संसद्मा थप सघन छलफल गरी नयाँ सुरुवात गर्ने विषयमा संसद्‌लाई नै जिम्मेवारी दिनु न्यायपूर्ण र समसामयिक हुने छ ।

## बालगायक सचिन परियारको निधन



झापा(प्रस) ।बालगायक सचिन परियारको निधन भएको छ । महाराजगञ्जस्थित टिचिङ अस्पतालमा उपचारको क्रममा उनको बिहिबार बिहान निधन भएको हो । अस्पताल स्रोतले सचिनको बिहान १० बजे निधन भएको जानकारी दिएको हो ।
भाइरल बालगायकका रुपमा परिचित सचिन थुप्रै गीत गाएका छन्, भने अभिनेता राजेश हमालसँग एक म्युजिक भिडियो अभिनय गरेका छन् ।
हास्य श्रृखला ‘मेरी बास्सै’मा पनि अभिनय गरेका उनको ‘रातो रबर एक’, ‘रुमाल खस्छकी’, ‘के छ र हजुर’, ‘बरको छाँयाले’लगायत गीत चर्चित छन् ।

## नेपालकी पहिलो महिला राजदूत बिन्देश्वरी शाहको निधन

झापा(प्रस) । नेपाल सरकारको परराष्ट्र सेवामा लामो समय योगदान पुऱ्याएकी बिन्देश्वरी शाहको निधन भएको छ। ९१ वर्षको उमेरमा बिहीबार बिहान उनको निधन भएको हो।
सन् १९३३ फेब्रुअरी १३ मा भारतको कर्सियोङमा जन्मेकी शाहले सेन्ट हेलेन्स कन्भेन्ट, कुर्सियोङबाट स्कुले शिक्षा लिएकी थिइन्। उनले अमेरिकाको बर्नार्ड कलेज, कोलम्बिया विश्वविद्यालयबाट स्नातक र जोन्स हप्किन्स विश्वविद्यालयबाट अन्तर ाष्ट्रिय मामिलामा स्नातकोत्तर गरेकी थिइन्।
शाहले सन् १९५९ मा नेपाल सरकारको परराष्ट्र मन्त्रालयमा सेवा सुरू गरेकी थिइन्। उनले वासिङटन डिसी, ढाका र नयाँ दिल्लीमा विभिन्न कूटनीतिक जिम्मेवारी सम्हालेकी थिइन्। सन् १९८८ मा भारतका लागि राजदूत नियुक्त भएकी शाह नेपालकी पहिलो महिला राजदूत थिइन्।
सन् १९६६ मा उनले डा. नारायण केशरी शाहसँग विवाह गरेकी थिइन्। उनका दुई छोरा अनिल केशरी शाह र उज्वल केशरी शाह छन्। अनिल शाह पूर्वबैंकर हुन्। उज्वल शाहको भने पहिले नै निधन भइसकेको छ। शाहको निधनले नेपालको कूटनीतिक क्षेत्रमा योगदान दिने एक अनुभवी व्यक्तित्व गुमाएको छ। अन्त्येष्टि कार्यक्रम परिवारको निर्णयअनुसार गरिने जनाइएको छ।

## घाइते निश्चलको निधन
## भद्रपुरकी पूर्व उपप्रमुख श्रेष्ठलाई पुत्रशोक

झापा(प्रस) । राजधानी काठमाण्डौमा स्कुटर दुर्घटनामा घाइते भएका झापा भद्रपुरका निश्चल राजभण्डारीको उपचारका क्रममा निधन भएको छ । तीन दिनअघि भद्रपुर-८ निवासी अन्दाजी २९ वर्षीय निश्चल राजभण्डारी र उनकी पत्नी पूजा राजभण्डारी भक्तपुरको सानोठिमीमा स्कुटर दुर्घटनामा परी घाइते भएका थिए । नर्भिक हस्पिटलको सघन उपचार कक्षमा उपचारका क्रममा बिहीवार साँझ निश्चलको निधन भएको भद्रपुर नगरपालिकाका पूर्व नगर प्रमुख जीवनकुमार श्रेष्ठले जानकारी दिए । मृतक भद्रपुर नगरपालिकाका पूर्व उपप्रमुख चन्द्रा श्रेष्ठका एकमात्र छोरा हुन् । उनकी श्रीमतीको भने उपचार भइरहेको जनाइएको छ । दुवैजना अध्ययनका लागि अस्ट्रेलियामा बसेर केही दिनअघि मात्रै मूलघर भद्रपुरमा आई फेरि अस्ट्रेलिया फर्कन काठमाडौं गएका थिए। पारिवारिक पारिवारिक स्रोतका अनुसार राजभण्डारी दम्पती यसै हप्ता अस्ट्रेलिया फर्कँदै थिए। अस्ट्रेलिया जानुपूर्व विदेश जाने तयारीमा बजार गई सामान किनेर भक्तपुरको निजी निवासमा फर्कने क्रममा कुकुरले बाटो काट्दा स्कुटर असन्तुलित भई दुर्घटना भएको थियो ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

# कोशीमा संकटग्रस्त सहकारीको व्यवस्थापनका लागि समिति गठन

झापा(प्रस) । कोशी प्रदेश सरकारले वरिष्ठ अधिवक्ता भरतबहादुर थापाको नेतृत्वमा संकटग्रस्त सहकारीहरूको व्यवस्थापनका लागि समिति गठन गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले समितिको गठन गर्दै यसका काम, कर्तव्य र अधिकार पनि निर्धारण गरेको हो ।
समितिको अध्यक्ष थापासहित सहकारी विज्ञ धनप्रसाद सिवाकोटी, लेखा विज्ञ जीवन काफ्ले र मन्त्रालयका शाखा अधिकृत रामकुमार श्रेष्ठ सदस्य सचिवका रूपमा रहनेछन् । समितिमा कोशी प्रदेश सहकारी संघबाट




एक जना सदस्य पनि मनोनीत हुने व्यवस्था गरिएको प्रदेश सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले जनाए ।

प्रदेश सरकारद्वारा जारी अध्यादेश-२०८१ अनुसार संकटग्रस्त सहकारीहरूको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि व्यवस्थापन समिति गठन गर्न सकिने कानुनी व्यवस्था गरिएको । यस समितिको अध्यक्ष कानुनको क्षेत्रमा १० वर्षभन्दा बढी अनुभव भएको व्यक्तिबाट नियुक्त गरिने प्रावधान छ । मन्त्रिपरिषद्को बैठकले सहकारी व्यवस्थापनसम्बन्धी निर्णयबाहेक कृषि कर्जा व्याज अनुदान कार्यविधि स्वीकृत गर्ने, खानेपानी तथा सरसफाइ विधेयक, वन ऐन संशोधन विधेयक र वातावरण संरक्षण ऐन संशोधन विधेयक प्रदेशसभामा पेस गर्ने निर्णय पनि गरेको छ । साथै, पाथिभरा क्षेत्र, बृहत् बराह क्षेत्र र हलेसी महादेवस्थान विकास समितिका गठन आदेशहरू संशोधन गर्ने निर्णय पनि बैठकले गरेको छ । यो व्यवस्थापन समितिको गठनले संकटग्रस्त सहकारीहरूको सुधार र दायित्व समाधानमा सहयोग पुग्ने अपेक्षा सरकारको छ ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

- **मेष** — आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । प्रेम जीवन सफल र सुखद् रहने
- **वृष** — आँटेको र ताकेको कार्य पुरा होला । प्रतियोगितात्मक क्रियाकलापमा विजय
- **मिथुन** — परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ । आर्थिक लाभ हासिल हुन सक्ने देखिन्छ ।
- **कर्कट** — यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला ।
- **सिंह** — साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भय छ सचेत रहनुहोला ।
- **कन्या** — रमणीय र सुखद यात्राको योग पनि छ । मन कमजोर रहने सक्छ ।
- **तुला** — आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।
- **वृश्चिक** — आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।
- **धनु** — आज परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ । घर परिवारका सदस्यहरूबाट
- **मकर** — मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।
- **कुम्भ** — आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धुबान्धवबाट सहयोग मिल्नेछ ।
- **मिन** — इच्छा र आकाङ्क्षा पूर्ण हुनेछ । शुभारम्भको चर्चा चल्नेछ ।